श्री ५ को सरकार

# सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११. २१ ले दिएको अधिकार प्रयोग गरी उद्योग मन्त्रालयअन्तर्गत नेपाल गुणस्तर कार्यालयका प्रमुखलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११. २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून सुधार आयोगका सदस्य-सचिवलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग रेकर्ड
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६८

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (४) को प्रयोजनको लागि नेपाल वन सेवामा देहायबमोजिम थप दरबन्दी पदहरू समूहीकृत गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद संकेत | स्थान | पदको नाम | निर्धारित | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सेवा | श्रेणी | समूह । उप-समूह | | |
| १. | गृ.मं.के.से.वि.०७।२ | केन्द्रीय सेवा विभाग | उद्यान अधिकृत | वन | रा.प. तृतीय | बोटानी | रिक्त | |

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।